# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, भदौ २४ गते, २०७३ साल (संख्या २५

## भाग ३

## नेपाल सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

<u>निजामती सेवा (चौधौं संशोधन) नियमावली, २०७३</u>

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "निजामती सेवा (चौधौं संशोधन) नियमावली," २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा संशोधन** : निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्षको भदौ एक गतेदेखि भदौ मसान्तभित्रमा,

(ख) मन्त्रालय वा मन्त्रालय स्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको असोज एक गतेदेखि असोज पन्ध्र गतेभित्रमा,

(ग) क्षेत्रीय स्तरका निकायहरूले प्रत्येक वर्षको असोज सोह्र गतेदेखि असोज मसान्त भित्र ।"

आज्ञाले,
पूर्ण चन्द्र भट्टराई
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।